निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL




## निर्वाचन कार्यक्रमका लागि नागरिक शिक्षा प्रवर्द्धन स्रोत पुस्तिका

# निर्वाचन विवाद र विवाद निरूपण

रातो रङ्गको - सबै भन्दा सजिलो

प्याजी रङ्गको - ठिकै (सजिलै)

निलो रङ्गको -  अलि गाह्रो

यो किताब निलो तहको हो ।

यो तहमा भएका किताबहरू :

- निर्वाचन विवाद र विवाद निरुपण
- निर्वाचन र सामुदायीक संस्थाको भुमिका
- नेपालको निर्वाचन प्रणाली
- निर्वाचन र निर्वाचन चक्र
- लोकतन्त्रका लागि निर्वाचन
- निर्वाचन र समावेशीकरण

## निर्वाचन कार्यक्रमका लागि नागरिक शिक्षा प्रवर्द्धन स्रोत पुस्तिका

# निर्वाचन विवाद र विवाद निरूपण

**प्रकाशक**

निर्वाचन आयोग, नेपाल, कान्तिपथ, काठमाण्डौ, नेपाल

फोन नं. :(९७७ -१) - ४२२८६६३/४२२५५८०

फ्याक्सः (९७७ -१) - ४२२९२२७/४२२५५८०

इमेलः info@election.gov.np

वेबसाइट : www.election.gov.np

© निर्वाचन आयोग, नेपाल

सर्वाधिकार सुरक्षित

प्रथम संस्करण : वि.सं. २०७६


ISBN: ९७८९९३७-७३८-१६-३

# विषय सूची


| **विषय** | **पेज** |
| --- | --- |
| निर्वाचन विवाद र विवाद निरुपण | १ |
| छलफलका लागि प्रश्नहरू | १८ |

# निर्वाचन विवाद र विवाद निरूपण

चुनावी पर्चा, पम्प्लेट, घोषणा पत्र, उम्मेद्वार परिचय, नमुना मतपत्र जस्ता सामग्री बोकेर दलका कार्यकर्ता गाउँगाउँमा छन् । उम्मेद्वारहरू नमस्ते ! गर्दै घरदैलोमा हिंडेका छन् । ठाउँ ठाउँमा कोणसभा भइरहेछन् । चियापसल, चोकचोक र चौतारामा बहस चलिरहेछ । होटलमा खाजा, खाना बिक्री बढ्दो छ । गाउँमा निर्वाचनको लहर आइसकेको देखिन्छ ।




कहिल्यै नेदेखिने अनुहारहरू घरघर पसेर भोट माग्दा चमेलीलाई आश्चर्य लागेको छ । हुन त यो भन्दा पहिला पनि यस्तो हुन्थ्यो । भोट हाल्ने दिन सम्मको तामझाम त हो यो ! चमेलीले मनमनै भनिन् ।

“ए चमेली दिदी ! के सोचेर टोलाइराको ? भोट माग्न जाने हैन ?” सावित्रीले भनिन् ।

"के भोट माग्न जाने र ! यहाँ बसेपछि प्रायः सबै भेटिन्छ । यो चौताराको नाम नै सितल चौतारो । सबै मानिस आउने ठाउँ । यहाँ बसेपछि चुनावी कुरा सुन्न पाइन्छ ।"-चमेलीले भनिन् ।

सुकुना आउँदा आउँदै बीचमै कुरा छोपिन्- "चुनाव आएको छ । चहल पहल त शुरु हुने भइहाल्यो नि ! कसरी छाप लगाउने भनेर सिकाउन त पऱ्यो नि ! जसले राम्रो काम गरेको छ भोट त त्यसै लाई दिने हो ।"

"यस पटकको छाँटकाँटले त भोट पनि दिन पाइएला जस्तो लाग्दैन नि सुकुना !" चमेलीले भनिन् ।

किन र त्यसो भनेको दिदी ? उत्साहित हुँदै सावित्रीले सोधिन् ।

तिमीलाई थाहा छैन ? हेर ! गाउँमा आएका मानिसहरूको चालमाल राम्रो देख्दिन । कहाँका मानिस हुन् ? यहाँ किन आउने त ? राम्रा मानिस भाको भए त ! आफ्नै निर्वाचन क्षेत्रमा जान्थे होला नी ।



"त्यो त हो दिदी ! म त छक्कै परेको छु । विमली भाउजुको त्यो सानो चिया पसलमा हिजो मात्र चार लटलाई खाना बनाउन पऱ्यो रे ।" सावित्रीले थपिन् ।

कुरा गर्दागर्दै हरि सर पनि त्यहीँ आइपुग्नु भयो । "यहाँ त भेला जस्तै भए छ नि त ! किन हो ?" भन्दै बस्नुभयो ।

"हिजो तपाईका घरमा आएका मानिसका बारे कुरा गरिरहेको । कहाँबाट आएछन् भन्या त्यत्राविधि मानिस" ? रन्जनाले जिज्ञासा राख्नुभयो ।

"यस्ता मानिसले निर्वाचनका बखत अवाञ्छित गतिविधि गर्न सक्छन । यसमा हामी सतर्क हुनु पर्दछ । सायद त्यसै भएर यहाँको स्थिति बुझ्न आएका हुन सक्छन् ।"

"हरि दाई ! अब त केही गर्नुपर्ने होइन ?"सावित्रीले प्रश्न गरिन् ।

यसपटकको निर्वाचनमा प्रशासनले सुरक्षा व्यवस्था राम्रो गरेको छ । केही दिन हेरौं न ! यिनीहरूको यही स्थिति देखियो भने जिल्ला प्रशासन कार्यालयमा निवेदन दिनुपर्ला । अहिल्यै केही गरिहाल्ने अवस्था छैन । निर्वाचनमा वाधा पुग्ने गरी हामी कसैले पनि विवाद गर्नु हुँदैन ।

**"निर्वाचन प्रचार प्रसारमा कसुर तथा दण्ड सजायको व्यवस्था छैन हरि सर ?"** प्रतिमाले जिज्ञासा राखिन् ।

"छ नि प्रतिमा ! किन नहुनु । **कुनै धर्म जातजाति, वर्ग, क्षेत्र वा सम्प्रदाय बीचको सम्बन्धमा खलल हुने गरी हिंसा भड्कने किसिमले निर्वाचन प्रचारप्रसार गर्न पाईंदैन । साथै धर्म, समुदाय**

**तथा क्षेत्रीयताको आधारमा घृणा उत्पन्न हुनेगरी प्रचारप्रसार गर्न पाईंदैन । यस्तो काम गरेमा दुईलाख सम्म जरिवाना र तीन वर्ष सम्म कैद वा दुवै सजाय हुने व्यवस्था छ ।"**

**"चुनावका बेला चरित्र हत्या गर्ने काम पनि हुन्छ यसमा के सजायको व्यवस्था हुन्छ सर ?"** जनकले जिज्ञासा राख्नुभयो ।

**"निर्वाचनको नतिजामा प्रभाव पार्ने गरी उम्मेद्वार वा निजको परिवारको कुनै पनि किसिमले चरित्र हत्या गर्न पाईंदैन । त्यस्तो गर्ने व्यक्तिलाई पचास हजार रुपैया जरीवाना वा एक वर्ष कैद वा दुवै सजाय हुने व्यवस्था छ ।"**

**"निर्वाचनमा प्रचारप्रसारका क्रममा गर्न नहुने कुरा के के छ त सर ?"** जगतले सोध्नुभयो ।

"निर्वाचन प्रचार प्रसार गर्ने उद्देश्यले आयोगले तोकेको आकार र रङ्गको **सामान्य पर्चा वितरण बाहेक कुनै प्रकारका पोष्टर, भित्ते लेखन, तुल, व्यानर, डिजिटल डिस्प्ले छाप्न, छपाउन वा प्रयोग गर्न पाईंदैन ।"**

**मठ मन्दिर, पाटी पौवा, धर्मशाला, चैत्य विहार, चर्च, गुम्बा, मस्तिज जस्ता धार्मिक ऐतिहासिक स्थलहरूमा, सरकारी सार्वजनिक वा निजी भवन स्मारक पर्खालमा कुनै पर्चा टाँस्न वा लेख्न पाईंदैन ।"**

"निर्वाचन सामग्री छाप्ने दलले कुन प्रदेशबाट सो सामग्री छापेको हो, सोको नाम, ठेगाना समेत सामग्रीमा उल्लेख भएको हुनुपर्छ । यी सबै कसुर गरेमा, भएका सामग्रीहरू जफत गरी कसुरै पिच्छे पच्चीस हजार रुपैया जरिवाना हुने कानुनी व्यवस्था छ । यस्तो

जरिवाना निर्वाचन आयोग वा अनुगमनकर्ताले गर्न पाउने अधिकार छ ।" -हरि सरले भन्नुभयो


**"निर्वाचन विवाद कसुर र हिंसा भनेको के हो ?"** दानकुमारको प्रश्न थियो ।

**निर्वाचन मिति घोषणा भएपछि निर्वाचन सम्पन्न भई मत गणनाको अन्तिम परिणाम घोषणा नहुन्जेल (निर्वाचन अवधि) सम्म हुने राजनीतिक दल, उम्मेद्वार, दलका कार्यकर्ता, उम्मेद्वारका प्रतिनिधिलगायत निर्वाचन सम्बद्ध व्यक्ति बीच भएको विवाद निर्वाचन विवाद हो भने उनीहरूले गर्ने कसुर, हिंसा नै निर्वाचन कसुर अपराध हो ।**



सानुमाया भाउजुले मतदान गर्न जांदा भोगेको आफनो कुरा सुनाउनु भयो-“चुनावमा भोटहाल्न भनेर डेड्घण्टा त लाइन मै बसें । बल्लबल्ल गएर परिचय पत्र भिडाउँदा त भोट अरुले नै हालिसकेका रहेछन् ।

विवाद हुनै लागेको थियो । त्यहीबेला मतदान अधिकृत आइपुग्नु भयो । मैले भोट दिन पाउँ भनेर परिचय पत्र सहित निवेदन दिन लगाउनु भयो । छुट्टै मतपत्र दिनुभयो । मैले त त्यसमा मतदान गरें र मतदान अधिकृतले सो मतपत्र छुट्टै खाममा राख्नुभयो । त्यो मतपत्र गणना हुन्छ त होला हैन बाबु !”



"निर्वाचनमा विवाद भई मुद्दा परेर निर्णय गर्नुपर्दा आवश्यक पर्‍यो भने अदालतले मात्र त्यो मत गन्छ । नत्र गनिदैन भाउजु ! त्यही भएर भोट खसाउन बिहान सबेरै जानुपर्छ भनेर मैलै भनेको हो ।" आखिर समयमा आएको भए त यो समस्या हुने थिएन होला नी ! हैन भाउजु । हरि सरले कुरा टुंग्याउनु भयो ।

**"चुनावको वेला झै झगडा भएमा कसरी समाधान गरिन्छ ?"-** दिदीले भन्नुभयो ।

"सही कुरा उठाउनु भयो दिदी ! निर्वाचनका हरेक मुद्दाको छानविन हुन्छ । कसुर गर्नेलाई कारवाही हुन्छ । कारवाही गर्नु नपर्ने देखिए सफाइ पाउँछ । कहिले काहि निर्वाचन बदर पनि हुनसक्छ । "


**"चुनावमा हुने झगडा र विवाद हुन नदिनका लागि कस्तो व्यवस्था छ र हरि बाबु ?"**

"छ नि भाउजु, चुनावमा हुने झैझगडाका लागि विवाद निरुपण संयन्त्र छ ।" सानुमाया भाउजुको जवाफमा भन्नुभयो ।

"निर्वाचनमा हामीले देखेका मात्र अपराध हुन्नन् ! अन्तिम मतदाता नामावलीमा नाम नभएको व्यक्तिले पनि अरुको नाममा भोट हाल्न सक्छ । त्यसैले हामी पनि शतर्क रहनु पर्दछ । "

**चुनावी मुद्दाको उजुरी कहाँ दिने, जाँचबुझ कसरी हुन्छ त बाबु ?"** सानुमाया भाउजुले प्रश्न गर्नुभयो ।

"अरु मुद्दामा जस्तै निर्वाचन विवादको उजुरी दिने जाँचबुझ र छानविन गर्ने न्यायीक र अर्धन्यायीक निकाय छन्, भाउजु !"




**“ती निकाय कुन कुन हुन् त हरि दाई ?”**-विपनाले प्रश्न राखिन् ।

**“अर्धन्यायीक निकाय**को रुपमा-निर्वाचन आयोगले काम गर्छ । यसमा निर्वाचन विवाद निरुपण समिति, मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृत वा अनुगमन कर्ता र मतदान अधिकृत पर्दछन् ।”

त्यसैगरी “**न्यायीक निकायहरूमा**- सर्वोच्च अदालतको संवैधानिक इजलास, उच्च अदालत र  जिल्ला अदालत पर्दछन् ।”-हरि सरले उत्तर दिनुभयो ।

**“अर्धन्यायीक निकायले विवाद निरुपणमा कस्तो भूमिका खेल्छ त सर ?”** रिताले भनिन् ।

“रिता बहिनीले राम्रो कुरा उठाउनु भएको छ । सबैले यता ध्यान दिनु है ।”

“हरि बाबु ! हामी सबैको ध्यान त तपाई तिरै छ । आज धेरै कुरा सिक्न पाएका छौं ।”-चमेलीले भनिन ।

“मतदान सम्बन्धी विवादको उजुरी मतदान अधिकृत कहाँ दिनुपर्छ । मतदान अधिकृतले उजुरी लिन्छन् । मतदान केन्द्र मै समाधान गर्न सकिने विवाद भए त्यही निर्णय दिन्छन् । त्यहाँ नसक्ने रहेछ भने निर्वाचन अधिकृत समक्ष पेश गर्दछन् । त्यसैगरी आचार संहिता सम्बन्धी उजुरी अनुगमन अधिकृत वा निर्वाचन अधिकृत समक्ष लानु पर्ने हुन्छ । ”




निर्वाचन आचार संहिताको उल्लङ्घन गरेको भनी निर्वाचन अधिकृत वा अनुगमन कर्तालाई पनि उजुरी दिन सकिन्छ । उहाँहरूले समाधान गर्न सक्ने विषय रहेछ भने मुद्दाको अवस्था हेरी छिटै निर्णय गर्नुहुन्छ । आफूले नसक्ने अवस्था छ भने त्यसलाई मुख्यनिर्वाचन अधिकृत समक्ष पेश गर्नुहुन्छ ।

यस्ता विषयहरूका सम्बन्धमा सोझै मुख्य निर्वाचन अधिकृत समक्ष पनि निवेदन दिन सकिन्छ । मुख्य निर्वाचन अधिकृतले पनि सिफारिस भई आएका वा निवेदन प्राप्त मुद्दाको सुनुवाई गर्छन् । निर्णय दिन सक्ने जति त्यही निर्णय दिन्छन् । निर्णय दिन नसकिने मुद्दाका निवेदनहरू कागजात सहित निर्वाचन विवाद निरुपण समितिमा पेश गर्छन् । यसरी निर्वाचन विवाद निरुपण समितिमा निर्वाचन विवादका मुद्दाहरू पुग्ने गर्दछ ।"

"निर्वाचन विवाद निरुपण समिति केन्द्रीय तहको समिति हो । यसले समितिमा प्राप्त र जिल्लाका मुख्य निर्वाचन अधिकृत वा निर्वाचन अधिकृतले सिफारिस गरेका मुद्दा छानविन गर्छ । विवाद निरुपण समितिले अनुसन्धानको काम पनि गर्छ । यो समितिले आफै निर्णय गर्दैन । अनुसन्धानबाट प्राप्त नतिजा सहित आयोगमा सिफारिस  गर्छ ।"

**"हरि सर ! हामीले अर्धन्यायिक निकायका कुरा जान्यौं अब न्यायीक निकायमा के व्यवस्था छ त ?"**

"देशको न्यायको विरासत नै न्यायीक निकायले थेग्ने हो । न्यायाधीशलाई न्यायमूर्ति पनि भनिन्छ । निर्वाचनका मुद्दाहरू तीन तह कै न्यायिक निकायले हेर्ने व्यवस्था छ । निर्वाचन कसुर सम्बन्धी विषय अनुसन्धान अधिकारी मार्फत जिल्ला अदालतमा मुद्दा दायर हुन्छ ।"




यी त जिल्ला तहका भए । "स्थानीय तह निर्वाचन बदर गर्ने, दोहोऱ्याई मत गणना गर्ने, निर्वाचन परिणाम घोषणा पश्चात् उम्मेद्वारको अयोग्यताको विषय तथा जिल्ला अदालत र अर्धन्यायीक निकायको निर्णय विरुद्ध पुनरावेदनको सुनुवाई उच्च अदालतले गर्छ । त्यसैगरी संघीय संसद र प्रदेश सभा सदस्यको निर्वाचन बदर, निर्वाचन परिणाम घोषणा पश्चात उम्मेद्वारको अयोग्यताको विषय र उच्च अदालत वा  कारवाही किनारा भएका मुद्दाको पुनरावेदन सर्वोच्च अदालत संवैधानिक इजलासमा सुनुवाइ हुनेछ । यसले राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी मुद्दाका विषय समेत हेर्ने गर्छ ।"

"हरि सर ! नेपालमा निर्वाचनलाई स्वच्छ, र विश्वसनीय बनाउन यस्ता व्यवस्थाहरू गरिएको रहेछ। निर्वाचन आयोग विश्वसनीय र भरपर्दो त्यसै भएको रहेनछ नि त !"-वेदुमायाँले भन्नुभयो ।

**हरि भाई, निर्वाचन विवाद भनेको कस्तो विवाद हो ? जमुना दिदीले सोध्नुभयो ।**

**“मतदाता नामावली सङ्कलन देखि निर्वाचन सम्पन्न नहुँदासम्म विभिन्न चरणमा हुने विवादलाई निर्वाचन विवाद भनिन्छ ।”**



**निर्वाचन विवाद कस्ता पक्षले निम्त्याउँछन् हरि सर ? रम्यताको प्रश्न थियो ।**

“निर्वाचन कर्मचारी, राजनीतिक दल, उम्मेद्वार, दलका कार्यकर्ताको कमजोरीका कारण निर्वाचन विवाद हुनपुग्छ । सबैले आफ्ना कमजोरी ढाकछोप गर्छन् । त्यसबाट मर्का पर्ने पक्ष प्रतिवादमा उत्रन्छ । विवाद शुरु हुन्छ ।”-हरिको जवाफ थियो ।

**निर्वाचन प्रचारका क्रममा हुने हिंसामा कस्ता क्रियाकलाप पर्छन् त सर ? प्रमिलाले सोध्नु भयो ।**

प्रतिद्वन्दी समूह बीच झडप हुनु । र्‍याली र उम्मेद्वार माथि आक्रमण हुनु । निर्वाचन निकायहरूमा आक्रमण हुनु । कानुनको उल्लङ्घन गर्नु/गराउनु । आचार संहिताको उलङ्घन गर्नु । भब्य तथा आकर्षक पोस्टर, पम्प्लेट टाँस्नु । राष्ट्रिय, अन्तर्राष्ट्रिय पर्यवेक्षक माथि आक्रमण हुनु जस्ता क्रियाकलाप प्रचारका समयमा हुने हिंसा हुन् ।"



**"मतदानका दिन कस्ता प्रकृतिका आपराधिक क्रियाकलाप हुनसक्छ त सर ?"**

"यो प्रश्न चमेलीलाई सोध्नु न ! उहाँले भोग्नु भएको छ ।"

"म भन्छु है हरि सर !" चमेलीले भनिन्- "मतदान गर्ने कार्यमा अवरोध गर्नु । मतदातालाई मतदान स्थलमा जान नसक्ने अवस्था सिर्जना गर्नु । आफ्नो पक्षमा मतदान गर्न दवाव दिनु । मतदातालाई

मतदान गर्न नदिनु । झुक्याएर अरुको नाममा मतदान गर्नु । एकै व्यक्तिले बारम्बार मतदान गर्नु जस्ता अपराधिक क्रियाकलाप रहेछन् ।"

**मतदान सम्बन्धी कसुर के के हुन् ?**

१. मतपत्रको दुरुपयोग गरेमा वा गैरकानुनी तवरले मतपत्र दिए, लिएमा ।
२. झुट्टा विवरण तथा कागजात सहित मनोनयन पत्र पेश गरेमा ।
३. निर्वाचन सामग्रीको प्रयोगमा बाधा पुऱ्याएमा ।
४. मतदान गर्ने अधिकार नभएको व्यक्ति नक्कली मतदाता बनेर मतदान गर्न गएमा ।
५. एक व्यक्तिले एकै पदका उम्मेद्वारलाई पटक पटक मतदान गरेमा ।
६. मत सङ्केत सार्वजनिक गरेमा ।
७. मतदानको प्रक्रिया उल्लङ्घन गरेमा ।
८. मतपत्र बाहेक मतपेटिका भित्र अन्य वस्तु खसालेमा, राखेमा वा राख्ने प्रयास गरेमा ।
९. मतदान भएको मतपत्र बिगारेमा वा नष्ट गरेमा ।
१०. मतदान गर्न बाधा गरेमा वा गैर नेपाली नागरिकले मतदान गरेमा ।


**"मतगणना सम्बन्धमा पनि विवाद हुन्छ, होइन त हरि सर !" रोजिनाको जिज्ञासा थियो ।**

“हो, किन नहुनी ! मतगणना स्थलमा बलजफत प्रवेश गरेमा, मतगणना सम्बन्धी सामग्री नोक्सान गरेमा । गलत ढङ्गले मतगणना गरेमा । हातहतियार साथमा लिएर हिँडेमा वा प्रयोग गरेमा । शान्ति भङ्ग गरेमा । निर्वाचन अधिकृत वा निर्वाचनमा संलग्न कर्मचारीलाई प्रभाव पारेमा मतगणना सम्वन्धी कसुर हुनेछ । सबैले बुझ्नुभयो । ”

“बुझेका छौं ।” सानुमाया भाउजुले भन्नुभयो ।

**कस्ता काम प्रचारप्रसारका बेला हुने कसुर ठहरिने छ हरि सर ? चमेलिले सोधिन् ।**

निर्वाचनमा प्रभाव पार्ने गरी कसैले कसैलाई नगद वा जिन्सी दिने वा लिने काम गर्नु । एकले अर्काको चरित्र हत्या हुने गरी आक्षेप लगाउनु जस्ता कुरा पर्दछन् ।”



यति मात्र होइन,“अनुचित ढङ्गले सवारी साधनको प्रयोग गरेमा । सरकारी कर्मचारी तथा सार्वजनिक सम्पति प्रयोग गरेमा । राजनीतिक दल, उम्मेद्वार वा निर्वाचन प्रतिनिधिले निर्वाचन प्रचारका लागि कुनै आर्थिक सहयोग लिए पनि कसुर ठहरिनेछ, होइन र हरि सर । रम्यताले भनिन् ।

“हो, प्रचारप्रसारका सिलसिलामा यस्ता कसुर गरेमा प्रचलित कानून विपरित भएको ठहर गरी सजाय गर्ने व्यवस्था छ ।” हरि सरले कुरा राख्नुभयो ।

**निर्वाचन खर्च सम्बन्धी कसुरमा अन्य कुरा पनि छन् । जस्तो,** राजनीतिक दल वा उम्मेद्वारले निर्वाचन प्रचार प्रसार लगायतका खर्च गर्दा अन्य व्यक्तिलाई खर्च गर्न लगाउनु हुँदैन । आयोगले तोकेको हदभन्दा बढी खर्च गर्न हुँदैन । निषेधित कार्यको लागि आर्थिक सहयोग लिन वा खर्च गर्न हुँदैन । प्रचार प्रसारमा भएको आम्दानी र खर्चको विवरण तोकिएको मिति भित्र निर्वाचन कार्यालय मार्फत आयोगमा बुझाउनु पर्दछ । नबुझाएमा कसुर ठरिनेछ ।

**प्रशासनका तर्फबाट कस्ता कसुर हुन सक्छन्, बाबु ? सावित्री भाउजुले भन्नुभयो ।**

“गलत लिखतलाई मान्यता दिएमा । पदीय जिम्मेवारीबाट पन्छिन खोजेमा । निर्वाचनको गोपनीयता भङ्ग गरेमा । निर्वाचनमा प्रतिकूल असर पर्ने अन्य कार्य गरेमा । त्यसलाई प्रशासनिक पक्षबाट हुने कसुर भनिन्छ ।”

"निर्वाचनको कुरा छिटो सुनुवाई भएन भने त्यसको औचित्य नहुन सक्छ । यसका लागि सकेसम्म छिटो सुनुवाई गर्ने व्यवस्था गरेको छ । निर्वाचन विवादमा अदालतले न्यायीक निकायको रुपमा काम गरेको हुन्छ । निर्वाचन विवादका लागि निर्वाचन विवाद निरुपण संयन्त्रको भूमिका प्रभावकारी हुन्छ । निर्वाचन विवाद निरुपण संयन्त्र निर्वाचन आयोग अन्तर्गत रहेको हुन्छ । **ल त ! आज धेरै समय छलफल भयो । यो निर्वाचन शिक्षाको कार्यक्रम जस्तै भयो !" हरि सरले भन्नुभयो ।**

जस्तै हैन सर ! समुदायमा चलाइने वास्तवीक निर्वाचन शिक्षाको कार्यक्रम भयो । हामी यतिका मानिसले यति धेरै कुरा बुझ्न पाउनु ठूलो उपलब्धि ठानेको छौं । मैले कुरा शुरु गरें । हरि सरले सहजीकरण गर्नुभयो । फाइदा हामी सबैलाई भयो । अबेर पनि भइसक्यो ! त आज विदा हौं है ! भन्दै चमेलीले अन्तमा भन्नुभयो **'थालमा अक्षेता पाती, विदावादी भएर जाउँ साथी'** भन्ने गीत गाउँदै सबै जना आआफ्ना घरतिर लागे ।

## छलफलका लागि प्रश्नहरू

१. निर्वाचन विवाद भनेको कस्तो विवाद हो ?
२. निर्वाचन प्रचार प्रसारमा कस्तो कसुर तथा दण्ड सजायको व्यवस्था छ ?
३. निर्वाचनका बेला चरित्र हत्या गर्ने काम भएमा कस्तो सजायको व्यवस्था छ ?
४. निर्वाचनमा प्रचारप्रसारका क्रममा गर्न नहुने कुरा के के छन् ?
५. निर्वाचन विवाद कसुर र हिंसा भनेको के हो ?
६. निर्वाचनमा भएका झगडा र विवादहरूको लागि कस्तो व्यवस्था छ ?
७. चुनावी मुद्दाको उजुरी कहाँ दिइन्छ र जाँचबुझ कसरी हुन्छ ?
८. मतदान सम्बन्धी विवादको उजुरी कहाँ दिनुपर्छ ?
९. निर्वाचन विवाद निरुपण समिति कस्तो समिति हो र यसले कस्तो काम गर्छ ?
१०. निर्वाचन विवाद कस्ता पक्षले निम्त्याउँछन् ?
११. निर्वाचन प्रचारका क्रममा हुने हिंसामा कस्ता क्रियाकलाप पर्छन् ?
१२. मतदानका दिन कस्ता प्रकृतिका आपराधिक क्रियाकलाप हुनसक्छ ?
१३. मतदान सम्बन्धी कसुर के के हुन् ?
१४. कस्ता काम प्रचारप्रसारका बेला हुने कसुर ठहरिने छ ?

# सहयोगी

Educational Resource And Development Center Nepal 2061

UNESCO
United Nations Educational, Scientific and Cultural Organization
संयुक्त राष्ट्र संघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठन

Kathmandu Office
Sustainable Development Goals
दिगो विकास लक्ष्यहरू

ESP is supported by
European Union
UNDP
Empowered lives.
Resilient nations.

*यो पुस्तक युरोपियन युनियन र युएनडीपीको आर्थिक सहयोगमा प्रकाशन गरिएको हो । यस पुस्तकमा उल्लेखित विषयहरुले दातृमुलक तथा दातृनिकायहरुको प्रतिनिधित्व गर्दैनन् ।*